# मेरो जापानी रेडियो

**विप्लव प्रतीक**

रेडियो भन्नेबित्तिकै त्यही सात इञ्च लामो साढे चार इञ्च चौडा जापानी रेडियो मेरो आँखामा झल्झली आउँछ, जुन पिताजीले २०२५/२६ सालतिर मलाई कब्जा गर्न दिनुभएको थियो । पिताजीलाई समाचार सुन्नुपर्ने निश्चित समयबाहेक मेरो अधिनमा हुन्थ्यो त्यो रेडियो । अनि रहन्थ्यो हमेशा मेरो सिरानीमा वा निकट स्थानमा । कडा छालाको खैरो रङको खोल भएको त्यो रेडियोमा कुँदिएको थियो अङ्ग्रेजी शब्द 'नेशनल' । मिडियम र सर्टवेभ गरी जम्मा दुईओटा ब्याण्ड थिए त्यसमा । यस्तो लाग्थ्यो– बूढी औँला जत्रा मान्छेहरूको समूह छ, र 'स्वीच अन' गरेपछि ती बोल्छन्, गाउँछन् अनि समाचार भन्छन् ।

क्यासेट प्लेयरको कल्पना थिएन, दम दिएर बज्ने वा बिजुलीले चल्ने ग्रामोफोनहरू सीमित घरमा भेटिन्थे । बाबा नाम गरेकी मेरी एक सखीको घरमा पनि थियो एउटा ग्रामोफोन । त्यही बजाउन खोजेको निहुँमा रगतपच्छे हुने गरी उनले मेरो गाला चिथोरेकी थिइन्, जसको दाग गालामा अद्यापि छ । त्यसपछि मैले आफ्नो रेडियोबाहेक अरू 'कसै' लाई आँखा लगाइनँ ।

मेरो खाने, खेल्ने र रेडियो सुन्नेबाहेक अर्को ध्याउन्नै थिएन । उठ्नेबित्तिकै रेडियो खोल्थेँ । बिहान छ बजे शङ्खध्वनिबाट सुरु हुने रेडियो नेपालको कार्यक्रम विहान १० बजे सकिन्थ्यो, १ बजे दिवा सेवा सुरु हुन्थ्यो र ३/४ बजे सकिन्थ्यो । ५:३० बजे सुरु भएको कार्यक्रम १०/११ बजे राति सकिन्थ्यो । यी अवधिभर रेडियोले नबजी धर पाउँदैनथ्यो । दिउँसो  र राती ७:१५ तिर अल इण्डिया नेपाली कार्यक्रम चलुञ्जेल (एक घण्टा) त्यता पनि 'टयून' गर्न भ्याउँथेँ । रमाइलो स्मृति छ मसँग त्यतिखेरको । तर, त्यतिखेरका चर्चित उद्घोषक अमीन सयानीले रेडियो सिलोनबाट प्रस्तुत गर्ने त्यस बेलाको लोकप्रिय कार्यक्रममध्ये एक *बिनाका गीतमाला* भने मेरो त्यो 'प्रिय' सखा रेडियोले कहिल्यै सुनाएन, टिप्दै टिप्दैनथ्यो, अर्काको घर गईगई सुन्नुपर्थ्यो । हिन्दी सिनेमाका गीतहरूको 'काउण्ट डाउन' कार्यक्रम थियो त्यो । जुन त्यतिखेरको प्रसिद्ध बिनाका भन्ने दन्तमञ्जन ब्राण्डले प्रायोजन गर्थ्यो । यति रमाइलो थियो कि, लाग्छ, त्यो सुन्न पाएँ भने अहिले पनि सारा काम छाडेर सुन्थेँ, साँच्चै ।

सम्झिन्छु, बेलाबखत रेडियोको ब्याट्री सकिएको र बाआमासँग ब्याट्री किनिमाग्न हत्ते गरिरहेको म । आर्थिक अवस्था राम्रो थिएन, तर एक्लो छोरा भएकाले (११ वर्षको उमेरसम्म म एक्लै थिएँ) मेरो ढिपीसँग गल्नुहुन्थ्यो पिताजी र ल्याइदिनुहुन्थ्यो ब्याट्री । तर, कहिलेकाहीँ रातीको कार्यक्रम सुन्दासुन्दै भुसुक्क निदाउँथेँ र ब्युँझन्थेँ, भोलिपल्ट शङ्खध्वनिसहित बज्ने धुनसँगै । जघन्य अपराध गरेको ग्लानिसँगै पल्याकपुलुक दायाँबायाँ हेर्थेँ । एकछिनमा रेडियोको सास चुँडिन्थ्यो र अर्को ब्याट्री नफेरुञ्जेल विश्राम लिन्थ्यो त्यसले । म पनि हार कहाँ मान्थेँ र ? घरका मान्छेले थाहा पाउनुअगावै लुसुक्क उठ्थेँ, अर्को कोठामा गएर रेडियोको ब्याट्री हाल्ने ठाउँ खोल्थेँ र ब्याट्री झिकेर सुकाउँथेँ घाममा । केही घण्टा रन्किएपछि ब्याट्रीले फेरि काम गर्थ्यो र एकछिन बोल्न थाल्थ्यो रेडियो तर रातीको कार्यक्रम फेरि चिल्लै । ब्याट्री सुकाउँ, रातीको बेला ! अनि कुइँच खाएर छटपट गर्दै ओछ्यानमा कहिले यो कोल्टो कहिले ऊ कोल्टो फेर्थें । त्यही बेला अर्को फसाद आइलाग्थ्यो । पिताजीले समाचार सुन्न मसिनो स्वरमा "खै रेडियो यता ले त" भनेर अह्राउनुहुन्थ्यो । त्यो आवाज मलाई थर्कमान पार्न पर्याप्त हुन्थ्यो । सम्झिन्नँ अहिले– यथार्थ बुझिसकेपछि उहाँले कसरी रिस थाम्नुहुन्थ्यो र माफी पाउँथे मैले ।

भोलिपल्ट तुरुन्तै ब्याट्री नफेरिने लक्षण पाएपछि छिमेकीको घरबाट घन्किने 'मर्फी' रेडियोबाट अस्पष्ट आवाजमा गीतहरू सुन्दै आँगनमा दर्शन ढुङ्गाले ब्याट्री फोर्ने काम सुरु हुन्थ्यो । फोरेपछि त्यसभित्र हुने एउटा लामो कालो मसिनो चुरोट जस्तो डण्ठा हात लाग्थ्यो, त्यसको टुप्पोमा भएको 'ह्याट' झैँ लाग्ने रातो

वस्तु पनि हात परेपछि ब्याट्रीको काजक्रिया सकिन्थ्यो । एकछिन टीकाजस्तो टोप र डण्ठा बाँदरले नरिवल खेलाएझैं खेलाएपछि फुत्त मिल्काइन्थ्यो । दाउ छोपेर बसेका दौंतरीहरूमध्ये एकले हारालुछमा फेला पार्थ्यो त्यसलाई र लडाईंको विजयी योद्धाझैँ छाती फुलाउँदै उभिन्थ्यो । आमाले "ब्याट्रीभित्रको धूलो बिख हो, मुखमा परे मरिन्छ" भनेपछि त्यो काम मैले आफ्ना सखाहरूलाई नै सुम्पिदिएँ ।

गीतहरू भनेपछि म हुरुक्क हुन्थेँ । 'झिङलब झिल्के झिङलब', 'रिमिझिमी रिमिझिमी पानी पर्ला' (कुमार बस्नेत), 'यो हो गीत तिमीलाई', 'कल्पनाको गगन' (बच्चु कैलाश), 'तितरी बादलमाथि' (बच्चु कैलाश ⁄ पुष्प नेपाली), 'ए दूरका सितारा' (बटुकृष्ण ज्वाला), 'डाँडापारी हिउँ परेछ' (अम्बर गुरुङ), 'मायालु हजार हुन्छन्' (ध्रुव केसी), 'तिम्रो माया कागजको रङ्गीचङ्गी फूल जस्तो' (ध्रुव केसी ⁄ तारादेवी), 'मदिरा मेरो जीवन साथी' (ओमकार गड्तौला), 'टाढाबाट बोलाएको' (तारादेवी), 'सुन्छ कठैवरी मेरो मनको विलौना' (प्रेमप्रकाश मल्ल) र 'त्यो खोलाको सङ्लो पानी' (माणिकरत्न) आदि म पाँचछ वर्षको छँदा सुनेकामध्ये अहिले पनि सम्झनामा रहेका गीतहरू हुन् । यी गीतहरू मेरो मनमा यसरी कुँदिएका छन् कि म ती गीतका 'मेलोडी' र शब्दहरू अहिले पनि आफ्नो भासिएको स्वरमा गुनगुनाउन सक्छु ।

बाल्यकालमा मेरो र रेडियोको साथ अटुट थियो । यहाँसम्म कि पढ्दा पनि छेउमा रेडियो बोलिरहेको, गाइरहेको हुन्थ्यो । अहिले झल्याँस्स सम्झिएँ, त्यतिखेर रेडियोमा आउने समाचार- जुन मेरालागि नीरस हुन्थ्यो- प्रत्येकपल्ट 'श्री ५ महाराजाधिराज महेन्द्र' बाट सुरु हुन्थ्यो । समाचारको आफूलाई मतलब पनि थिएन । मतलब थियो त *कृषि कार्यक्रम, प्रहरी कार्यक्रम, विदेशमा बस्ने नेपालीहरूका लागि कार्यक्रम, गीतिकथा, शाही नेपाली सैनिक कार्यक्रम, बाल कार्यक्रम* र रात्री सेवाको अन्तिम कार्यक्रम *विज्ञापन सेवा* आदिको । ती कार्यक्रमभन्दा पनि त्यस अवधिमा बज्ने गीतकै तिर्सना हुन्थ्यो । १५ मिनेटको शास्त्रीय सङ्गीत आउँदा खुब पटचार लाग्थ्यो, तर ध्यानमग्न सुनिरहन्थेँ- त्यसपछि आधुनिक गीत कहिले बज्ला भनेर ।

शनिबार नाटक आउँथ्यो, जुन कहिले आउला भनेर हप्तैभरि पर्खिन्थेँ म । आमा हतार हतार लुगा धोइवरी सुन्न बस्नुहुन्थ्यो र आक्कलझुक्कल पिताजी पनि । "बाबु चिया खा न, सेलाउला" भनेर आमाले भन्दा "जिन्दगी नै सेलाइसक्यो चिया सेलाएर के भो आमा !" भन्ने छोराको संवाद भएका ती नाटकहरू सस्ताखाले भावुकता र सोचले भरिएका हुन्थे, तैपनि तिनमा एक प्रकारको आकर्षण थियो अहिले सम्झँदा । राजारानीको जन्मदिवस वा कुनै अन्य अवसर पारेर सञ्चालन हुने *हाजिरीजवाफ कार्यक्रम*को अर्कै आकर्षण थियो । गालामा

कुहिनाको अडेस लगाई खाटमा ढल्किएर, आमा छोरासँगै सुन्थ्यौं । कहिलेकाहीं आफूले जवाफ मिलाउँदा ठूलै बाजी जितेझैं लाग्थ्यो । र, ओछ्यानबाट जर्‍याकजुरुक उठेर खुशीले उफ्रिन्थेँ, आमा दङ्ग पर्नुहुन्थ्यो ।

अचेल काठमाडौँका गृहिणीहरू हिन्दुस्तानी 'सोप अपेरा' हेर्न पर्खिएझैं कुरिन्थ्यो हप्तामा एक वा दुई चोटि बज्ने कार्यक्रम सुन्न । *विदेशमा बस्ने नेपालीहरूका लागि कार्यक्रम* बेलुकी सात या साढे सात बजे आउँथ्यो । निरोधराज पाण्डेले चलाउने *सुनगाभा* कार्यक्रम पनि बेलुकी नै बज्थ्यो जुन साह्रै प्रिय थियो मेरो । *गीति कथा* (कथा वाचन गर्दा बी-बीचमा गीत बजाइने कार्यक्रमको नाउँ) त त्यो जमानाको सके सर्वाधिक लोकप्रिय कार्यक्रम नै थियो, जसको उद्घोषण अक्सर पाण्डेले नै गर्दथे । त्यस बखतका युवतीहरू निरोधराज पाण्डे भनेपछि हुरुक्क हुन्थे भन्ने सुनेको थिएँ, अलि ठूलो भएपछि ।

२०२८ सालको माघ महिनाको कुरा हो, राजा महेन्द्रको निधन भयो । र, रेडियो एवं बोलीको भरमा असङ्ख्य मानिसहरू आर्यघाटमा ओइरिएका थिए । आकाशबाट तिलको गेडा छरेको भए तेल भएर जमीनमा चुहिएला झैं लाग्थ्यो मानिसहरूको भीड देख्दा । त्यस्तो भीड वीपी कोइराला, नारायण गोपाल र मदन भण्डारी दिवङ्गत हुँदा मात्र देखेको छु । बाल्यकालको सबभन्दा नरमाइला दिनहरू कुनै सम्झिन्नँ, सिवाय त्यस दिन र त्यसपछिका १३ दिन । रेडियोमा खाली शोकधुन बजिरहन्थ्यो र बज्थ्यो समाचार । गीतबिना ती १३ दिन काट्न हम्मे पर्‍यो । तैपनि मेरो रेडियोले आराम पाएन । कहिलेदेखि गीत बज्ला भनेर उत्सुकताका कारण घरीघरी खोलिरहन्थेँ । चौधौं दिनमा खुशीको सीमै रहेन, किनभने नियमित कार्यक्रमको प्रसारण सुरु त्यस दिनबाट मात्रै भयो ।

दिन बिते, वर्ष पनि बिते । अलि ठूलो भएँ । त्यो रेडियोभित्र सानासाना मान्छे छिरेर बोलेको ठान्ने सोचाइ बदलियो । आठ वर्ष जतिको हुँदा रेडियो नेपालको प्राङ्गणमा पनि छिरियो, बाल कार्यक्रममा भाग लिन । पहिलो दिनको कुरा सम्झिन्नँ । तर सम्झिन्छु, कार्यक्रम सुरु हुनुअघि हुल बाँधेर बस्थ्यौं, पाँच/दस मिनेट बाँकी छँदा 'रेकर्डिङ रुम' भित्र छिर्थ्यौं । 'स्टुडियो' र 'रेकर्डिष्ट' को कोठा सिसाले बारिएको हुन्थ्यो र सिसाको माथ्लो भागमा अङ्ग्रेजीमा 'अन एअर' लेखिएको बत्ती हुन्थ्यो । उक्त बत्ती बलेपछि रेकर्डिङ सुरु हुन्थ्यो । 'कार्यक्रम अवधिभर खाकखाक खुकखुक गर्न पाइँदैन' भनेकाले त्यो बत्ती बल्नुअघि खोकी आए पनि नआए पनि हामी सबैजना खाकखाक खुकखुक गर्दै खोक्थ्यौं । अनि पालैपालो कविता पढ्थ्यौं । रेडियोमा बोल्न पाउने अवसर निकै ठूलो लाग्थ्यो । तर, मैले आफ्नो आवाज रेडियोबाट कहिल्यै सुन्ने मौका पाइनँ ।

हरेक हप्ता नयाँ कविता पढ्नु पर्ने काम बिस्तारै मेरा लागि बोझ बन्दै गयो । देश, शिक्षक, स्कूल, हिमाल, फूलजस्ता विषयमा 'कविता' लेख्दा लेख्दा म आजित भएँ । 'मेरो देश नेपाल, शिरमाथि हिमाल' जस्ता तुकवन्दी कति गर्ने, कहिलेसम्म गर्ने ? एकदिन फेला पऱ्यो तत्कालीन सोभियत सङ्घबाट प्रकाशित हुने पत्रिका *किरण* ।[1] त्यसको सुरुमै देशप्रेमसम्बन्धी ४४ पङ्क्तिको छन्दोबद्ध उम्दा कविता थियो । निकै गहकिलो चीज फेला पऱ्यो भनेर दङ्ग परेँ । र, ३२ हरफ छाडी १२ हरफ रोजेँ । सुरुको बी-बीचको र अन्तिम चार लाइन आफ्नो हस्ताक्षरमा सारेँ, एउटा पानामा । भोलि रेडियोमा कविता पढ्न जाने दिन थियो ।

भोलिपल्ट त्यो कविता रेडियोमा पढेर बाहिर निस्कँदा चम्किलो र सुन्दर अनुहारकी उद्घोषिका धन लामाले "बाबु, तिमी लेख्न नछाड्नू है, एकदम राम्रो लेख्न थालेछौ" भनेर म फुच्चेलाई आफ्नो जीउमा टाँस्नुभयो, अँगालो मार्नुभयो । नासपातीझैँ देखिने घोडे साबुनले धोएपछि टिनोपाल[2] हालेको उहाँको साडीको गन्ध यो हरफ लेख्दा सम्भवतः मेरो नाकले महसुस गर्दैछ । कविताको सबैले तारिफ गरे । निरोधराजले पनि धाप मार्नुभयो, स्याबासी दिनुभयो ।

त्यहाँबाट निस्किएपछि म बाटोभरि बेचैन भएँ । सायद रेडियोमा मेरो कविता यात्रा टुङ्गिएको दिन थियो त्यो । किनभने मलाई थाहा थियो- त्योभन्दा राम्रो वा त्यसको हाराहारीमा कविता लेख्ने क्षमता थिएन मसँग, न त अब विषय नै बाँकी थियो मेरो बाल मस्तिष्कमा । त्यसपछि कवितासँग मेरो सम्बन्ध टुट्यो । कविता भन्ने बित्तिकै म उम्किन्थेँ । रेडियो नेपाल जान छोडेँ । निरोधराज दाइ र धन दिदी कालिकास्थान, डिल्लीबजार र पुतलीसडकको बाटोमा परबाट आएको देख्ने बित्तिकै छल्थेँ उहाँहरूका आँखा ।

यसरी रेडियो नेपालसँगको नाता तोडियो, तर प्रसारण भने सुनिन्थ्यो नै । यो पनि समयको फेरमा पातलिने क्रममा भने थियो । म बिस्तारै हुर्कँदै थिएँ । दौँतरीहरू सँगसँगै मेरो पनि रोजाइ परिर्वतन हुन थाल्यो । भोगटेको फुटबल, ह्वाग्रा,[3] डण्डिबियोतिर मन आकर्षित हुन थाल्यो । कित्ता[4] खोज्न हिँड्दा मखख

---

[1] *किरण* मस्कोमा अध्ययनरत नेपाली विद्यार्थीहरूले लिथो टाइप गरेर छाप्ने वार्षिक पत्रिका हो ।

[2] सेतो कपडा चम्काउन लुगा धोइसकेपछि पानीमा दुईचार चम्चा हालेर खँगाल्ने धुलो हो यो ।

[3] माटोमा दुलो पारेर वा चारकुने घेरा बनाएर त्यसभित्र लामो सोतो र ससाना खाल्टा बनाएर गुच्चा भलेर खेलिने खेल ।

[4] त्यस बेला पाइने फुलमार वा क्राइभेन चुरोटको बट्टालाई राम्ररी पटचाएर बनाइएको कित्तालाई गुच्चा वा ह्वाग्रा खेल्दा हुने हारजीतमा मुद्राको रूपमा प्रयोग गरिन्थ्यो ।

पर्न थालियो । बागमती, विष्णुमती र धोबीखोलातिर पौडी खेल्न जान थालियो । हातमा गुलेली बोकेर चरा पनि मार्न हिँड्न थालियो तर आफ्नो हातले चराको शिकार कहिल्यै हुन सकेन । बरु आफ्नै बूढी र चोर औँला भने मटचाङ्ग्राका शिकार भए, तछारिनु तछारिए । यिनै दिनचर्यापछि घर पुग्दा लखतरान भइन्थ्यो । रेडियो बजाउने ध्यानै रहन्नथ्यो । र, रेडियो कोठाको ओछ्यानमा मिल्किरहेको हुन्थ्यो, बजाउने हात नपाएर, एक्लै ।

त्यसपछिका दिनहरूमा विशेष कार्यक्रम मात्र सुन्ने नयाँ संस्कार प्रारम्भ भयो । झन् उर्दू उपन्यासकार इब्ने शफी बी.ए., हिन्दुस्तानी उपन्यासकार रानु, कर्नल रञ्जितका उपन्यास पढ्ने चस्का लागेपछि रेडियोको चाख मर्दै गयो । क्यासेट प्लेयरको चाहिँ रहर लाग्थ्यो, जुन टोलभरिमा वासु अङ्कल (कवि वासु शशी) को घरमा मात्रै थियो । त्यो पनि विदेश जाँदा किनेर ल्याएको । त्यहाँ मैले सुनेको थिएँ हिन्दुस्तानी गायक किशोर कुमारले *कटी पतङ्ग* भन्ने सिनेमाका लागि गाएका गीतहरू ।

घरमा पैसाको अभाव त थियो नै, कैयन् महिनासम्म ब्याट्री नफेरिँदा ब्याट्री हाल्ने ठाउँमा हरियो पहेँलो खालको खिया बस्थ्यो । राजनीतिमा लागेका मेरा बालाई कतै जागीर नदिने तत्कालीन सरकारको आदेश थियो र पैसाकै कारण मेरो पढाइ छुटेको समय थियो त्यो । यसरी मेरो प्राण जत्तिकै प्यारो रेडियो हेर्दाहेर्दै मबाट टाढा हुँदै गयो । सम्भवतः समयलाई त्यही मञ्जुर थियो, मेरो रेडियोसँग मित्रतामा सके त्यसैले नै ल्यायो एकखालको दूरी । तर, सङ्गीत/गीत प्रतिको मोह रहिरह्यो र कुनै खास समय रेडियो सुन्ने बानी चाहिँ हटेन ।

१६ वर्षको थिएँ- परिवारमा विखण्डन आयो र केही कालपछि म पनि एक्लै बस्न थालेँ । मेरो कब्जाको रेडियो बाको अधिनमा रहन गयो । अब मसँग त्यसको सम्झना मात्र रह्यो । त्यसको धेरै वर्षपछि टेलिभिजन आयो र अहिले भीसीडी, डिभिडीका विभिन्न सुविधा सम्पन्न भाँडा बजारमा पाइन्छन्- मसँग पनि छन् । तर, त्यो जापानी रेडियो र त्योसँग गाँसिएको सम्झना मनमा यसरी कुँदिएको छ कि कसैगरी पनि त्यसको डोब पुरिएको छैन ।